पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

EX: पो .ब. नं. : ३९८७
सिहंदरवार, काठमाण्डौं

पत्र संख्या :-
चलानी नं.:
प्राप्त पत्र संख्या र मिति :-

## अन्तर्राष्ट्रिय वन दिवस २०२० को अवसरमा शुभकामना

संयुक्त राष्ट्र संघको साधारण सभाको सन् २०१२ को प्रस्तावबाट हरेक वर्षको मार्च २१ मा अन्तर्राष्ट्रिय वन दिवस मनाउने गरिएकोमा यस वर्ष मार्च २१ मा समेत विविध कार्यक्रम गरी संसार भरी नै यो दिवस मनाइदै छ । यस वर्षको लागि वन दिवसको नारा '**वन र जैविक विविधता**' रहेको छ ।

मानव लगायत सबै प्रकारका जीवजन्तु र वनस्पति प्रजातिको जीवनका लागि वन महत्वपूर्ण रहेको छ । वनबाट काठ दाउरा, डालेघाँस, जडिबूटी, स्याउला, पत्कर जस्ता वस्तुको उत्पादनको अतिरिक्त कार्वन शोषण, अक्सिजनको उत्सर्जन, जलाधार संरक्षण, पानीमूहानको संरक्षण, वातावरणको स्वाभाविक प्रशोधन, प्राकृतिक सौन्दर्य, साँस्कृतिक पहिचान जस्ता वातावरणीय सेवा समेत वनबाटै प्राप्त हुन्छ । जैविक विविधताको संरक्षणका लागि वन महत्वपूर्ण आधार हो । नेपालमा पहिचान भएका ११८ प्रकारका पारिस्थितीकीय प्रणाली मध्ये ११२ वटा पारिस्थितिकीय प्रणालीहरु वन भित्रै पर्दछन् । नेपालमा पाइने झण्डै १२ हजार भन्दा बढीका संख्यामा पहिचान भएका वनस्पति प्रजाति र सोही संख्याको हाराहरीमा पहिचान भएका जीवजन्तु प्रजातिहरु कुनै नै कुनै हिसावले वनजंगलमै आश्रित छन् ।

पछिल्लो राष्ट्रिय सर्वेक्षण अनुसार नेपालको कूल भूभागको झण्डै ४५ प्रतिशत वनले ढाकेको छ । यस मध्ये करिब १८ प्रतिशत वन राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र जस्ता संरक्षित क्षेत्र भित्र पर्दछन् । संरक्षित क्षेत्र बाहिर सामुदायिक वन, कबुलियती वन, साझेदारी वन, धार्मिक वन, वन संरक्षण क्षेत्र जस्ता समुदायमा आधारित वन प्रणालीबाट अधिकांश वनहरु व्यवस्थापन भइरहेका छन् । यी समुदायमा आधारित वनहरु व्यवस्थापन गर्न ३० हजार भन्दा बढी सामुदायिक समूहहरु क्रियाशील छन् । त्यस्तै साना ठूला गरी झण्डै २० हजार वनमा आधारित उद्योगहरु सञ्चालनमा रहेकाछन् ।

नेपालको कूल वनको क्षेत्रफलमा केही वृद्धि भएको देखिए पनि वनको उचित संरक्षण, व्यवस्थापन र उपयोगमा केही चुनौतिहरु नभएका पनि होइनन् । अझै पनि चुरे तथा तराइमा वन विनासको दर कायम छ । अधिकाँश वनहरुमा दिगो व्यवस्थापनको अभ्यास थालनि गर्न सकिएको छैन । वनक्षेत्रको तुलनमा तिनको संरक्षण र व्यवस्थापनका लागि पर्याप्त जनशक्ति र स्रोत साधानको कमि छ । वनक्षेत्र अन्य प्रयोजनमा जाने चुनौति कायम छ । वनलाई वनकै रुपमा संरक्षण र व्यवस्थापन गरी त्यसबाट प्रशस्त आर्थिक, सामाजिक र वातावरणीय लाभ लिन सकिएको छैन ।

अन्तराष्ट्रिय वन दिवस २०२० को उपलक्ष्यमा नेपालका सबै प्रकारका वनस्रोतको दिगो उपयोग र त्यसबाट जैविक विविधताको संरक्षण, आर्थिक समृद्धि र सामाजिक-सांस्कृतिक सद्भावमा योगदान पुग्ने अपेक्षा गरिएको छ ।

२०७६।१२।७

डा. सिन्धु प्रसाद ढुंगाना
प्रवक्ता